# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. २४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

**न्याय परिषद् ऐन, २०४७ लाई संशोधन गर्न बनेको ऐन ;**

**प्रस्तावना : न्याय परिषद् ऐन, २०४७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "न्याय परिषद् (पहिलो संशोधन) ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. न्याय परिषद् ऐन, २०४७ मा दफा ४क.थप : न्याय परिषद् ऐन, २०४७ (यस पछि "मूल ऐन" भनिएको) को दफा ४ पछि देहायको दफा ४क. थपिएकोछ :-

"४क. न्यायाधीशको कार्य क्षमता वा आचरणको मूल्यांकन गर्ने आधार : (१) संविधानको धारा ९१ को उपधारा (३) को प्रयोजनको लागि न्यायाधीशको कार्यक्षमता वा आचरणको मूल्याङ्कन गर्दा अन्य कुराहरुका अतिरिक्त उपदफा (२) (३) र (४) मा उल्लेख भएका कुराहरुमा समेत विचार गरी मूल्याङ्कन गरिनेछ ।

(२) देहायको अवस्थामा न्यायाधीशमा कार्य क्षमताको अभाव रहेको मानिनेछ :-

(क) कुनै उचित कारण बिना कानूनद्वारा निर्धारित समयभित्र मुद्दाको कारवाही वा निर्णय नगरेको,

(ख) मुद्दामा एकै पटक गर्नु पर्ने वा गर्न सकिने आदेश वा निर्णयहरु एकै पटक नगरी वा अनावश्यक, असान्दर्भिक वा कानून प्रतिकूल कारवाही वा निर्णय गरी मुद्दालाई अनुचित किसिमबाट लम्ब्याएको,

(ग) न्यायाधीशले मुद्दा मामिलाको कारवाही र निर्णय गर्ने सन्दर्भमा परिषद्ले तोकेको कामको मात्राभन्दा धेरै कम मात्रामा कार्य सम्पादन गरेको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) मुद्दाको कारवाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी सो कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएको,

(ङ) एउटै कानूनी प्रश्नमा भिन्न भिन्न मुद्दामा भिन्न भिन्न राय कायम गरी कारवाही वा निर्णय गरेको,

तर पहिले कुनै मुद्दामा व्यक्त भएको आफ्नो राय त्रुटीपूर्ण छ भन्ने लागी त्यसको आधार र कारण उल्लेख गरी न्यायाधीशले आफ्नो रायमा परिवर्तन गरेकोमा यो खण्ड लागू हुने छैन ।

(च) कानून बमोजिम मुलतबी राख्न नपर्ने मुद्दा मुलतबी राखी वा मुलतबी रहेक्रो मुद्दा कानून बमोजिम जगाउनु पर्नेमा नजगाई सो मुद्दाको कारवाही वा निर्णय अनावश्यक रुपमा ढिलो हुने अवस्था सृजना गराएको,

(छ) काम वा कारण नजनाई तारिख तोकी अनावश्यक रुपमा मुद्दाका पक्षलाई अदालतमा उपस्थित गराउने गरेको वा कुनै उचित कारण बिना तोकिएको तारिखमा तोकिएको काम नगरी पन्छाउने गरेको,

(ज) मुद्दामा प्रमाण बुझ्ने आदेश गर्दा मुद्दाका पक्षहरुको मुख मिलेको र मुख नमिली ठहर गर्नु पर्ने देखिएको तथ्य वा प्रश्नहरु के के हुन् र कुन कुन प्रमाणहरु बुझ्नु पर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखिन्छन् भन्ने कुराहरु नखुलाई केवल प्रमाण बुझ्ने भनी आदेश गरेको,

(झ) सर्वोच्च अदालतबाट स्थापित नजीर वा प्रतिपादित कानूनी सिद्धान्तको प्रतिकूल निर्णय गरेको ।

तर उस्तै कानूनी प्रश्नमा भिन्न भिन्न मुद्दाहरुमा भिन्न भिन्न इजलासहरुबाट भिन्न भिन्न निर्णय वा व्याख्या भै सर्वोच्च अदालतद्वारा स्थापित नजीर वा प्रतिपादित कानूनी सिद्धान्तमा एकरुपता वा निश्चितता कायम भै नसकेकोमा यो खण्ड लागू हुनेछैन ।

(३) देहायको अवस्थामा न्यायाधीशले आफ्नो पदीय कर्तव्यको इमान्दारी पूर्वक पालन नगरेको मानिनेछ :-

(क) मुद्दालाई पन्छाउने, लम्ब्याउने वा अनुचित रुपमा प्रभावित गर्ने मनसायले उपदफा (२) को खण्ड (क) देखि (झ) सम्ममा उल्लिखित कुनै कुरा जानी जानी गरेको,

(ख) कुनै उचित कारण बिना निर्धारित समयमा इजलासमा नबस्ने गरेको वा पर्याप्त समय हुँदा हुँदै पनि मुद्दाको सुनवाई नगरी पन्छाउने गरेको,

(ग) कुनै उचित कारण बिना कानूनद्वारा निर्धारित समय भित्र फैसला वा आदेश नलेखी ढिला सुस्ती गर्ने गरेको,

(घ) बिदा दिने अधिकारीबाट बिदा स्वीकृत नगराई वा त्यस्तो अधिकारीसंग पूर्व अनुमति नलिई अदालतबाट अनुपस्थित हुने गरेको, वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) माथिल्लो तहको अदालतले दिएको आदेश वा प्रशासकीय काम कुराको सम्बन्धमा प्रधान न्यायाधीश वा मुख्य न्यायाधीश वा अदालतको प्रशासन चलाउने न्यायाधीशले दिएको निर्देशनको पालन नगरेको वा गर्न आलटाल गरेको ।

(४) देहायको अवस्थामा न्यायाधीशको आचरण खराब भएको मानिनेछ:-

(क) प्रचलित कानून बमोजिम भ्रष्टाचार ठहरिने कुनै काम गरेमा,

(ख) लागू औषधको सेवन गर्ने गरेमा,

(ग) अदालतको समयमा मादक पदार्थको सेवन गर्ने गरेमा,

(घ) सार्वजनिक स्थल वा समारोहमा पदीय मर्यादा विपरीत अशिष्ट वा उच्छृंखल व्यवहार गर्ने गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

तर कानून बमोजिम मताधिकारको प्रयोग गर्न कुनै बन्देज लगाएको मानिनेछैन ।

(च) राजनैतिक वा अन्य कुनै किसिमको अनुचित प्रभावमा परी कानून बमोजिम गर्न नहुने कुनै कारवाही वा निर्णय गरेमा वा गर्नु पर्ने कुनै कारवाही वा निर्णय नगरेमा,

(छ) अदालतको सम्पत्ति वा आफूलाई प्राप्त कुनै सुविधाको जानी जानी दुरुपयोग गरेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ज) इजलासमा बस्दा अदालतको मर्यादा भङ्ग हुने गरी पदीय अनुशासनको प्रतिकूल कुनै अशोभनीय आचरण गरेमा, वा

(झ) नैतिक पतन देखिने कुनै फौजदारी कसूर गरेमा ।

(५) उपदफा (२), (३) र (४) मा उल्लिखित अवस्थामा परिषद्ले सम्बन्धित न्यायाधीशलाई अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम, कारवाही वा आचरणमा सुधार नगरेमा संविधान र यस ऐन अनुसार निज उपर कारवाही चलाउन सक्नेछ ।

तर खराब आचरणको अभियोगमा कारवाही चलाउनको लागि यस उपदफा बमोजिम सचेत गराउन आवश्यक हुने छैन । परिषद्ले उचित वा आवश्यक सम्झेमा त्यस्तो अभियोगमा संविधान र यस ऐन बमोजिम सोझै कारवाही चलाउन सक्नेछ ।"

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) संविधान र यस ऐन बमोजिम कुनै न्यायाधीश उपर कारवाही चलाउने माग गरी कुनै उजुरी वा प्रतिवेदन परेमा वा त्यस्तो कारवाही चलाउने अवस्था विद्यमान भएको कुरा अन्य स्रोतबाट थाहा हुन आएमा संविधानको धारा ९१ को उपधारा (३) बमोजिम न्यायाधीश विरुद्ध लागेको त्यस्तो आरोपको जाँचबुझ गर्नको लागि जाँचबुझ समिति गठन गर्नु भन्दा अघि आवश्यकतानुसार अध्यक्ष, सदस्य वा पुनरावेदन अदालतको न्यायाधीशद्वारा प्रारम्भिक जाँचबुझ गराउने गरी परिषद्ले अधिकार दिन सक्नेछ । त्यस्तो प्रारम्भिक जाँचबुझ गर्ने अध्यक्ष, सदस्य वा पुनरावेदन अदालतको न्यायाधीशले आफ्नो प्रतिवेदन परिषद् समक्ष पेश गर्नु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. <u>मूल ऐनमा दफा ९क. थप</u> : मूल ऐनको दफा ९ पछि देहायको दफा ९क. थपिएकोछ :-

"९क. <u>**भ्रष्टाचारको अभियोगमा मुद्दा चलाउने अधिकारी**</u> : **प्रचलित कानून बमोजिम भ्रष्टाचार ठहर्ने कुनै अभियोग लगाएर कुनै न्यायाधीश उपर मुद्दा चलाउनु पर्ने भएमा परिषद्ले तोके अनुसार परिषद्को सचिव वा अन्य कुनै अधिकृतबाट सम्बन्धित पुनरावेदन अदालतमा उजुरी वा प्रतिवेदन पेश गरी मुद्दा चलाइनेछ । यस्तो मुद्दाको कारवाही गर्दा पुनरावेदन अदालतले शुरु अदालतको अधिकार प्रयोग गर्न र उपयुक्त कार्यविधि अपनाउन सक्नेछ ।"**

लालमोहर सदर मितिः- २०५०।७।४।४

**आज्ञाले,**
**वेदव्यास क्षेत्री**
**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।